# गर्भवती आमाको लागि पोषिलो झोला वितरण सम्बन्धि कार्यविधि, २०७६

प्रमाणीकरण मिति :२०७६/०५/२३

यस गाउँपालिकाको सुरक्षित मातृत्व सेवा कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्न गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यो कार्यविधिको नाम "गर्भवती आमाको लागि पोषिलो झोला वितरण सम्बन्धी कार्यविधि, २०७६ " रहेको छ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ "गाउँपालिका" भन्नाले चन्द्रकोट गाउँपालिका सम्झनु पर्दछ ।

२.२ "गर्भवती आमा" भन्नाले चन्द्रकोट गाउँपालिका भित्र बसोबास गर्ने गर्भवती महिलालाई सम्झनु पर्दछ ।

२.३ "कार्यबिधि" भन्नाले गर्भवती आमाको लागि पोषिलो झोला वितरण सम्बन्धी कार्यविधि २०७६ लाई सम्झनु पर्दछ।

२.४ "पोषिलो झोला" भन्नाले चन्द्रकोट गाउँपालिकाका स्वास्थ्य चौकीले वितरण गर्ने पोषणयुक्त खाद्यसामाग्री समावेश गरी तयार गरिएको झोलालाई सम्झनु पर्दछ ।

२.५ "गर्भजाँच" भन्नाले स्वास्थ्यकर्मीद्वारा गर्भवती महिलालाई गरिने गर्भ जाँचलाई सम्झनु पर्दछ

२.६ "प्रोटोकल" भन्नाले ४, ६, ८ र ९ महिनामा गर्भवती महिलाले तोकिएको स्वास्थ्य संस्थामा गई गरिने गर्भ परिक्षणलाई सम्झनु पर्दछ ।

२.७ "स्वास्थ्य संस्था" भन्नाले चन्द्रकोट गाउँपालिका भित्र संचालित सरकारी स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ

२.८ "सामुदायिक स्वास्थ्य इकाई" भन्नाले चन्द्रकोट गाउँपालिका भित्र समुदायमा संचालित सामुदायिक स्वास्थ्य ईकाइलाई सम्झनु पर्दछ।

२.९ "कार्यक्रम" भन्नाले स्वास्थ्य कार्यक्रमलाई सम्झनु पर्दछ।

**३. कार्यविधिका उद्देश्य :**

३.१ गर्भवती महिलाको स्वास्थ्यमा हुन सक्ने जटिलतालाई न्यूनीकरण गर्न समयमै स्वास्थ्य संस्थामा गर्भजांच गर्न प्रोत्साहन गर्ने।

३.२ १००० दिन भित्रका आमा तथा बच्चाको पोषण अवस्थालाई सुधार गर्ने ।

३.३ स्वास्थ्य संस्था देखि प्रदान गरिने सुरक्षित मातृत्व सेवा कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्न।

**४. कायक्रम संचालन विधिहरु :**

४.१ गर्भवती महिलाको लागि पोषिलो झोला वितरण कार्यक्रम यस चन्द्रकोट गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकीबाट संचालन गरिनेछ ।

४.२ स्वास्थ्य चौकीले यो कार्यक्रम संचालन गर्न गाउँपालिकासँग आवश्यक रकम माग गर्नुपर्नेछ ।

४.३ कार्यक्रम संचालन गर्दा यस गाउँपालिकामा दर्ता भएका सामुदायिक स्वास्थ्य इकाईले आफ्नो रिपोर्ट सम्बन्धित वडाको स्वास्थ्य चौकीमा पेश गरी सेवा प्रदान गर्न सक्नेछन।

४.४ पोषिलो झोलामा हरेक बार खाना चारमा हुने पोषणयुक्त खाद्यपदार्थ समावेश हुनुपर्नेछ ।

४.५ यो कार्यक्रममा गर्भवतीलाई पोषिलो झोला प्रदान गर्न गर्भवती भएको चौथो महिना देखि प्रोटोकल अनुसार छैठौं, आठौं र नवौं महिनामा लगातार आउनु पर्नेछ ।

४.६ न्यानो झोला प्रदान गर्दा प्रति झोला रु. ५००/- बराबरको पोषिलो खाद्यपदार्थ प्रदान गर्नु पर्नेछ सोको भरपाई अनुसूची १ अनुसार हुनेछ ।

४.७ यो कार्यविधि यस कार्यक्रममा मात्र लागु हुनेछ ।

**५. प्रतिवेदन पेश गर्नुपर्ने :**

गर्भवती महिलाको लागि पोषिलो झोला वितरण कार्यक्रमको अनुसूची २ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ।

**६. संसोधन :**

यो कार्यविधी गाउँकार्यपालिकाको बैठकले आवाश्यकता अनुसार संसोधन गर्न सकिनेछ।

## अनुसूची-१

(दफा ४ को उपदफा ४.६ सँग सम्बन्धित)

श्री चन्द्रकोट गाउँपालिकाको कार्यालय

शान्तिपुर गुल्मी

चालु आ.व. ०७६/७७ को ................. महिनाको .......... गते .......... स्वास्थ्य चौकी बाट गर्भको नियमित परिक्षण अन्तर्गत चौथो/छैठौं/आठौं/नवौं (√) महिनामा गर्भवती परिक्षण गराई गाउँपालिकाबाट उपलब्ध हुने पोषण कार्यक्रम अन्तर्गतको पोषिलो झोला बुझिलिई यो भरपाई गरिदिएँ ।

| | | |
|---|---|---|
| पोषण झोला बुझिलिने : | स्वास्थ्य संस्थाको छाप | स्वास्थ्य संस्था प्रमुख |
| दस्तखत : | | दस्तखत : |
| नाम थर : | | नाम थर : |
| ठेगाना : | | पद : |

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

चालु आ.व. ०७६/७७ को ................. मा .................... स्वास्थ्य चौकी बाट तपसिलको विवरण अनुसारको गर्भवती महिलालाई वितरित पोषिलो झोला विवरण

| क्र.सं. | सेवाग्राहीको नाम थर | ठेगाना | जाँच गरिएको महिना | पोषिलो झोला | मोबाइल नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

जम्मा वितरण झोला ........ × ५०० =

यस महिनामा स्वास्थ्य संस्थाले पाउने रकम रु. ...........

अक्षरुपि .................

पेश गर्ने :

दस्तखत :

नाम थर :

पद :

प्रमाणित गर्ने :

स्वास्थ्य संस्था प्रमुख

दस्तखत :

नाम थर :

पद :